# नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था

त्रिभुवन विश्वविद्याल शिक्षाशास्त्र सङकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह दोस्रो वर्ष शोधपत्र (Ed.CE.598) विषयको पाठ्यभार पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको

## शोधपत्र


**शोधार्थी**

कमल प्रसाद न्योपाने

परिक्षा क्रमाङ्क :१३०३९७

त्रि.वि.वि. दर्ता नं.: ३१८०६-९३

सु.स.म.या.बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सिरहा


२०७२

# सु.स.म.या.बहुमुखी क्याम्पस

सिरहा

## सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह पाठ्यक्रम तथा मूल्याङ्कन विषयका छात्र कमल प्रसाद न्यौपानेले "**नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था**" शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यप्रति म पूर्णरुपमा सन्तुष्ट रहेको छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................

किशोर कुमार साह
शोध निर्देशक

वि.सं.:
ई.सं.:

# सु.स.मो.या.बहुमुखी क्याम्पस

सिरहा

स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र कमल प्रसाद न्यौपानेले स्नातकोत्तर ( एम.एड.) तहमा पाठ्यक्रम तथा मूल्याङ्कन विषयको पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था** शीर्षकको शोधपत्र पाठ्यक्रम तथा मूल्याङ्कन विषयको स्नातकोत्तर (एम.एड.) उपाधिका लागि उचित देखिएकाले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

| क.सं. | मूल्याङ्कन कर्ताहरु | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रा.डा. अशोक कुमार झा | विभागीय प्रमुख | |
| २ | किशोर कुमार साह | शोध निर्देशक | |
| ३ | | वाह्य परीक्षक | |

मितिः वि.सं. : २०७२/......./...........          ई.सं.: २०१५/....../..........

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङकाय स्नातकोत्तर तहको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न यो अध्ययन गरिएको हो । शोधकार्यलाई पूरा गर्ने शिलशिलामा नेपाली भाषा शिक्षण गर्दा कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग अवस्था कस्तो रहेको छ भन्ने विषयलाई दृष्टिगत गर्दै मैले यो शोधकार्य गरेको छु ।

प्रस्तुत शोधपत्रको शीर्षक चयनदेखि अन्त्य सम्म आवश्यक राय, सल्लाह र सुझाव दिएर मार्ग निर्देश गरिरहनुहुने सु.स.म.या.ब. क्याम्पस सिराहाका श्रद्धेय गुरु किशोर कुमार साहको प्रत्यक्ष निगरानी र निर्देशनमा मैले यो शोधपत्र तयार पारेको हुँ । आफ्नो कार्यव्यस्तताका बावजुत पनि मलाई यस शोधकार्यमा अतुलनीय योगदान गर्नु भएकाले आदरणीय गुरु तथा निर्देशकज्यू प्रति म सदैब ऋणी रही हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधका लागि छनौटमा परेका सबै विद्यालयका प्र.अ. ज्यूहरु, नेपाली भाषा शिक्षण गर्ने भाषा शिक्षक ज्यूहरुले मलाई गर्नुभएको सहयोग पनि प्रसंसनीय रहेको छ । अतः उहाँहरुप्रति पनि म कृतज्ञ छु । त्यसै गरी छनौटमा परेका विद्यालयहरुको कक्षा ८ मा पढ्ने विद्यार्थीहरुप्रति पनि म आभारी छु ।

त्यसैगरी अध्ययन कार्यमा मलाई अवसर प्रदान गर्नुहुने मेरा पिता लेखनाथ न्यौपाने र माता स्व. गोमादेवी न्यौपानेप्रति म सदैव कृतज्ञ छु । घर परिवारको व्यवहार सम्हालेर मलाई अध्ययन कार्यमा समय मिलाइदिने मेरी अर्धाङ्गिनी गोदावरी न्यौपानेलाई पनि मेरो हार्दिक धन्यवाद । अध्ययन कार्यमा सहयोग र सल्लाह दिनुहुने संपूर्ण मित्रहरुप्रति पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रलाई छिटोछरितो ढङ्गले कम्प्युटर टाइप तथा सेटिङ्गमा सहयोग गर्नुहुने मेरा मित्र मनोज कुमार शर्मालाई विशेष धन्यवाद दिन चाहन्छु ।

**शोधार्थी**

कलम प्रसाद न्यौपाने

# शोधसार

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, सार्थक एवम् उद्देश्यमूलक बनाउनको लागि शैक्षिक सामग्रीको प्रयोग अनिवार्य रुपमा हुनुपर्दछ । नेपाली भाषा विषयको लागि शैक्षणिक सामग्रीको प्रयोगको महत्वपूर्ण भूमिका रहन्छ भन्दा दुईमत नहोला । यसै कुरालाई मध्यनजर राख्दै **"नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था"** शीर्षकमा अध्ययन गरिएको थियो । उक्त अध्ययनका लागि नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था पत्ता लगाउन, शैक्षणिक सामग्री प्रयोगमा देखा परेका समस्याहरु पहिचान गर्न र समस्या समाधानका उपायहरु पत्ता लगाउन जस्ता उद्देश्यहरु समावेश गरिएको थियो ।

प्रस्तुत अध्ययनका लागि सिन्धुली जिल्लाको उ.मा.वि. लदाभिर, स्रोतकेन्द्रमा रहेका नि.मा.वि. / मा.वि. / उ.मा.वि. मध्ये ५ वटा विद्यालयका ५ जना प्र.अ. , कक्षा ८ मा नेपाली भाषा शिक्षण गरिरहेका ५ जना शिक्षकहरु प्रत्येक विद्यालयबाट समान प्रतिनिधित्व हुने गरी १०/१० जना गरी ५० जना छात्र-छात्राहरुलाई छनौट गरिएको थियो । यसरी स्थलगत अध्ययन गर्नका लागि प्र.अ., शिक्षक र विद्यार्थीहरुका लागि क्रमशः अन्तर्वार्ता सूची, प्रश्नावली फाराम र लक्षित समूह छलफल निर्देशिका तथा कक्षा अवलोकन फाराम जस्ता साधनको निर्माण तथा वैद्यता कायम गरी आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

अध्ययनको क्रममा शैक्षणिक सामग्री अन्तर्गत वार्षिक कार्ययोजना , एकाई योजना र दैनिक पाठयोजनाको प्रयोगको अवस्था न्यून रहेको पाइयो । त्यस्तै शिक्षण सामग्रीको निर्माण र प्रयोगको अवस्था पनि न्यून रहेको पाइयो । त्यस्तै शिक्षण सामग्रीको निर्माण र प्रयोगको अवस्था पनि न्यून रहेको थियो । अर्को तर्फ निर्मित र स्थानीय सामग्रीको प्रयोग न्यून रुपमा रहेको पाइयो । शिक्षण सामग्रीको निर्माण र संकलनमा विद्यार्थीहरुको सहभागीतालाई हेर्दा न्यून सहभागीता रहेको पाइयो । त्यसैगरी अधिकांश विद्यालयहरुमा पाठ्यपुस्तक एक निरविकल्प शैक्षणिक सामग्रीको रुपमा प्रयोग भइरहेको पाइयो । शिक्षण सामग्री निर्माण र संकलनमा लागत खर्चको पर्याप्त मात्रामा अभाव रहेको पाइएको थियो ।

शिक्षण सिकाइ क्रियाकलापलाई रोचक एवम् प्रभावकारी बनाउनको लागि वार्षिक कार्य योजना, एकाइ योजना र दैनिक पाठयोजना निर्माण र प्रयोगमा विषयगत शिक्षकले दायित्व बोध नगरेको, जाँगर पनि नआएको र सोको कार्यान्वयानको लागि विद्यालय

प्रशासनले प्रोत्साहित गर्ने वातावरण सुजना नगरेको र अनुगमन तथा मूल्याङ्कन नहुने गरेको पाइयो । निर्मित सामग्री खरिदका लागि आवश्यक पर्ने रकमको अभाव पाइयो । अधिकांश विद्यालय क्षेत्र नजिक उपयुक्त बजार नभएकोले सामग्री खरिदमा समस्या रहेको पाइयो । शिक्षण सामग्रीको संरक्षण र भण्डारणको लागि छुटै कोठाको अभाव रहेको र भएको कोठामा पनि दराज, र्‍याक नभएको तथा चुहिने, धमिरा लाग्ने समस्याहरु रहेको पाइयो । समयमै पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षकले ६/७ वटा पाठ घण्टी पढाउनुपर्ने भएकाले विद्यार्थी संख्या धेरै भएकाले बस्न झोला राख्नु, प्रदर्शन गरिएका सामग्री हेर्न कठिनाइ रहेको पाइयो । त्यसैगरी शिक्षण सामग्री निर्माण र संकलनमा आवश्यक पर्ने रकमको अधिकांशं विद्यालयमा अभाव रहेको पाइयो ।

उपर्युक्त समस्याहरु समाधानका लागि विद्यालय प्रशासनले सरोकारवालासँग परामर्श एवम् छलफल गरी आवश्यक रकमको व्यवस्था मिलाउनुपर्ने देखियो । शिक्षण सामग्री संकलन र निर्माण गर्न शिक्षक र विद्यार्थीहरुलाई उनीहरुको दायित्व हो भन्ने भावनाको विकास गर्नुपर्ने, विद्यालय प्रशासन र सरोकारपक्षले समयको अभाव कम गर्न पाठ घण्टी घटाउनुपर्ने, विद्यालय प्रशासन र सरोकारपक्षले समय समयमा अनुगमन र मूल्याङ्कन गरी शिक्षण सामग्री प्रयोग गर्ने शिक्षकलाई पुरस्कार गर्नुपर्ने देखियो । निर्मित र संकलित सामग्रीको पुनः प्रयोगको लागि छुटै कोठाको व्यवस्था गरी आवश्यक फर्निचर र मर्मत र संकलित सामग्रीको पुनः प्रयोगको लागि छुटै कोठाको व्यवस्था गरी आवश्यक फर्निचर र मर्मत सम्भार गर्नुपर्ने देखियो । विद्यार्थी संख्या धेरै भएको कक्षामा सेक्सन विभाजन गर्नुपर्ने, स्थानीय शिक्षण सामग्री संकलन र निर्माणमा विशेष जोड दिएर शिक्षक र विद्यार्थीहरुलाई सक्रिय बनाउने वातावरणको सृजना गर्नुपर्ने पाइयो । शिक्षण सामग्री संकलन र निर्माणमा लाग्ने लागत खर्चको समयमै व्यवस्था मिलाएर अभाव हटाउनुपर्ने देखियो ।

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| क्र.सं. | : | क्रम संख्या |
| जि.शि.का. | : | जिल्लाा शिक्षा कार्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रा.शि.प.यो | : | राष्ट्रिय शिक्षा पद्दतिको याजना |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |

# विषय सूचि

सिफरिस-पत्र

स्वीकति-पत्र

कृतज्ञता

शोधसार

संक्षिप्त शब्दावलीको पूरा रुप

विषयसूची

**परिच्छेद एक**

**परिचय**

**पेज नं.**

१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ५

१.३. अध्ययनको औचित्य ६

१.४. अध्ययनको उद्देश्य ७

१.५. अध्ययनको सीमा ८

**परिच्छेद : दुई**

**सम्वन्धित साहित्यको पुनारावलोकन**

२.१. सम्वन्धित साहित्यको पुनारावलोकन ९

२.२. अवधारणात्मक ढाँचा १२

**परिच्छेद : तीन**

**अध्ययन विधि**

३.१. अनुसन्धान ढाँचा १३

३.२. जनसङ्ख्या तथा नमुना छनौट १४

३.२.१ विद्यालय छनौट १४

३.२.२ प्रधानाध्यापक छनौट १४
३.२.३ शिक्षक छनौट १४
३.२.४ विद्यार्थीको छनौट १४
३.३.. साधनहरुको निर्माण १४
३.४. तथ्याङ्क संकलन प्रक्रिया १५
३.५. साधनको वैधता १५
३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण १५

## परिच्छेद : चार

## सूचनाको विश्लेषण र व्याख्या

४.१ कक्षा ८ को नेपाली भाषा शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोगको अवस्था १६
४.१.१. शैक्षणिक सामग्रीको प्रयोग आवस्थाः १७
४.१.२. शिक्षण सामग्रीको निर्माण र संकलनको अवस्था १९
४.१.३. निर्मित र स्थानीयस्तरमा पाइने सामग्रीको प्रयोगको अवस्थाः २०
४.१.४. शिक्षण सामग्रीको निर्माण र संकलनमा विद्यार्थीहरुको सहभागीताको अवस्था २१
४.१.५. शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोगको अवस्था २२
४.१.६. शिक्षण सामग्रीको निर्माण र संकलनमा लागत खर्चको अवस्था २३
४.२. शैक्षणिक सामग्रीको प्रयोगमा देखा परेका समस्याहरुको पहिचान गर्न २४
४.२.१. निर्माण शिक्षण सामग्री उपलब्धता सम्बन्धी समस्याहरुः २५
४.२.२. शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुः २७
४.२.३. स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखा परेका समस्याहरुः २९
४.२.४. शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्यार्थीसहभागीतामा
देखिएका समस्याहरुः ३०
४.२.५. शैक्षिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने समस्याहरुः ३२
४.२.६. शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने खर्च सम्बन्धी समस्याहरुः ३३
४.३. शैक्षणिक सामग्रीको प्रयोगमा देखा परेका समस्याको समाधानका उपायहरुः ३४

४.३.१. निर्मित शिक्षण सामग्री खरिद र संरक्षण सम्बन्धी समाधानका उपायहरुः ३४
४.३.२. शैक्षणिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका उपायहरुः ३६
४.३.३. स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्या समाधाका उपायहरुः ३७
४.३.४ शिक्षण सामग्री संकलन र निर्माणमा विद्यार्थी सहभागितामा देखिएका समस्या समाधानका उपायहरु ३८
४.३.५. शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्या समाधानका उपायहरुः ४०
४.३.६. शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने लागतमा देखिएका समस्या समाधानका उपायहरुः ४१

**परिच्छेदः पाँच**

**प्राप्ति , निष्कर्ष र सुझावहरु**

५.१. प्राप्ति ४३
५.२. निष्कर्षः ४४
५.३. सुझावहरुः ४५
५.३.१. नीति तह ४५
५.३.२. कार्यान्वयन तह ४६
५.३.३. अनुसन्धान तह ४७
**सन्दर्भ ग्रन्थ सूचि**
**अनुसूचिहरु**